नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२
चलानी नं.: ४२३

मितिः २०८२/३/६

विषयः- ११ औं विश्व योग दिवस, २०२५ मनाउने सम्वन्धमा ।

श्री गाउँ / नगरपालिका (सवै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८१/०८२, च.नं. २१, मिति २०८२/०३/०२ को ११ औं योग दिवस मनाउने सम्बन्धी पत्रको छायाँकपि यसैसाथ संलग्न गरी आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

३/६
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः-
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखाः सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः- ०८२/८२
चलानी नं.:- २१

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४२५८
दर्ता मितिः- ३।३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०८२।०३।०२

**विषय : ११ औँ विश्व योग दिवस २०२५ मनाउने सम्बन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौ ।

प्रस्तुत विषयमा हरेक वर्ष जुन २१ लाई विश्व योग दिवसको रुपमा मनाइँदै आइएको वेहोरा विदितै छ । ११ औँ विश्व योग दिवस २०२५ (२०८२ असार ७ गते) लाई सार्थक र योगको मर्मअनुरुप मनाउने सन्दर्भमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको विश्व योग दिवस २०२५, मूल समारोह समितिको मिति २०८२।०२।२९ को बैठकबाट **"सिंगो पृथ्वी र मानव स्वास्थ्यका लागि योग"** भन्ने आदर्श वाक्यका साथ विश्व योग दिवस मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा पत्राचार गरी स्थानीय तहमा विश्व योग दिवस मनाउने निर्णय भए वमोजिम निर्णयको प्रति यसैसाथ संलग्न गरी ७५३ ओटै स्थानीय तहहरुमा पत्राचार एवम् समन्वयका लागि निर्णयानुसार अनुरोध छ ।

शिवकुमार सापकोटा
सहसचिव

सादर अवगतार्थ:
माननीय मन्त्रीज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ
श्रीमान् सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
एघारौँ विश्व योग दिवस २०२५ जुन २१ (२०८२ असार ७)
मूल समारोह समितिको बैठकको निर्णय

मितिः २०८२ जेठ २९ गते विहिवार

बैठकका एजेण्डा

१) विश्व योग दिवस मनाउने सन्दर्भमा आदर्श वाक्य नेपाली रुपान्तरण गर्ने सम्वन्धमा
२) विश्व योग दिवस मनाउन विभिन्न निकाय एवम संस्थासँग समन्वय सम्वन्धमा
३) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने कार्यक्रमको सहजीकरण सम्वन्धमा
४) अन्य विविध

प्रस्तावित निर्णयहरु :

1. विश्व योग दिवस, २०२५ मनाउने सन्दर्भमा संयुक्त राष्ट्र संघको वेबसाइटमा प्राप्त आदर्श वाक्य "Yoga for One Earth, One Health" का विषयमा छलफल गरियो । एघारौँ विश्व योग दिवसको नेपाली आदर्श वाक्य- **"सिंगो पृथ्वी र मानव स्वास्थ्यका लागि योग"** कायम गर्ने ।
2. प्रदेश तहमा विश्व योग दिवस, २०२५ मनाउने सम्बन्धमा प्रदेशमा शिक्षा हेर्ने मन्त्रालयका मन्त्रीज्यूको संयोजकत्वमा शिक्षा।, स्वास्थ्य, पर्यटन सम्बद्ध मन्त्रालयका प्रतिनिधि समेतको सहभागितामा प्रदेशस्तरीय समारोह समिति गठन गरी योग दिवस मनाउन सबै प्रदेश सरकारहरूलाई पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।
3. स्थानीय तहमा विश्व योग दिवस, २०२५ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई पत्राचार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।
4. विश्व योग दिवस जिल्ला स्तरमा मनाउने सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३।०२।२६ को निर्णय अनुसार नै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सदस्यहरू प्रमुख जिल्ला अधिकारीले नै तोक्नेगरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने व्यवस्था भएकोले जिल्ला तहमा सोही बमोजिम हुनेगरी योग दिवस मनाउन सबै जिल्ला प्रशासन कार्यालयहरुमा लेखी पठाउन गृह मन्त्रालयमा अनुरोध गर्ने । यसको आवश्यक कार्यार्थ सोको जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्र र सबै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई लेखी पठाउने ।
5. विसं २०८२ असार ७ (सन् २०२५ जुन २१) गते आयोजना गरिने मूल समारोहको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउन एवम् यससम्वन्धी काममा अन्य निकाय र संस्थाहरूसँग समन्वय र निर्देशनका लागि सचिवज्यूको अध्यक्षतामा देहायका सदस्यसहितको एक मूल समारोह **उपसमिति**को गठन गर्ने ।

| | | |
|---|---|---|
| १) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| २) | प्रा. डा. नारायण गौतम, डाइरेक्टर, आयुर्वेद विभाग त्रि. वि. | सदस्य |
| ३) | डा. हरिप्रसाद, अध्यक्ष, योग मिसन नेपाल | सदस्य |
| ४) | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ५) | महानिर्देशक, आयुर्वेद विभाग | सदस्य |



... कुमार सापकोटा
सहसचिव

चूडामणि पौडेल
सचिव

श्री रघुजी पन्त
माननीय मन्त्री
...न तथा प्र...

६) डा. हेमराज कोइराला, काठमाण्डौ विश्वविद्यालय — सदस्य

७) अध्यक्ष, नेपाल शिक्षक महासंघ राष्ट्रिय समिति — सदस्य

८) अध्यक्ष, प्याब्सन, नेपाल — सदस्य

९) विके रामसिं ऐर, उपाध्यक्ष, ब्रह्मकुमारी राजयोग केन्द्र — सदस्य

१०) होमनाथ आचार्य, संयोजक, जीवन विज्ञान — सदस्य

११) डा. शान्तिदूत योग यात्री विश्वशान्ति महाअभियन्ता — सदस्य

१२) सावित्रा काफ्ले, गायत्री परिवार — सदस्य

१३) नवराज काफ्ले, महासचिव, योगध्यान आरोग्य सञ्जाल — सदस्य

१४) प्रतिनिधि, सार्वजनिक प्रसारण सेवा — सदस्य

१५) सहसचिव, विद्यालय शिक्षा महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — सदस्य सचिव

6. मूल समारोह कार्यक्रमका लागि प्रमुख आतिथ्यता र विशिष्ट अतिथि व्यवस्थापन, जिङ्गल निर्माण, शुभकामना मन्तव्य, प्रचार प्रसार व्यवस्था तथा समारोह आयोजना सम्वन्धी अन्य सबै कार्यहरु उपसमितिबाट सम्पादन गर्ने ।
7. योगलाई मानवीय जीवन पद्धतीका रुपमा अङ्गिकार गरी नियमित योगमा अभ्यस्त गराउन सबै जनमानसमा योगका विषयमा अभ्यासमूलक सचेतना जागरणका लागि सबै सरकारी गैरसरकारी योग सम्बद्ध संघसंस्थाहरु क्रियाशील रहने साथै मूल समारोहको कार्यक्रममा आ-आफ्नो संघसंस्थाबाट अधिकतम सहभागी गराउने ।
8. विश्व योग दिवसको योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले सप्ताहव्यापी आ-आफ्नो अनुकूल हुने गरी विश्व योग दिवस मनाउने र यस सम्वन्धी जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा गराउने ।
9. योग, साधना सम्बद्ध सबै संघसंस्थाहरुले आआफ्ना केन्द्रीय, प्रदेश र स्थानीय स्तरका निकायहरु परिचालन गरी प्रत्येकले कम्तिमा एक विद्यालयमा कम्तिमा एक दिन योग, ध्यान, साधना सम्बन्धी प्रवचन तथा योग अभ्यासको कार्यक्रम आयोजना गर्ने ।
10. सबै सरकारी, गैरसरकारी संघसस्था, नागरिक समाज लगायत सबैमा विश्व योग दिवस, २०२५ मा सहभागी हुन, नियमित योग अभ्यासमा संलग्न हुन तथा आदर्श वाक्य अनुसरण गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक अपिलका लागि विज्ञप्ति जारी गर्ने ।
11. सप्ताहव्यापी योग दिवसका कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रचार प्रसार गरिदिन र आफ्ना सञ्चार माध्यमबाट सो अवधिमा हुने वहस तथा छलफलमा योगका विषयवस्तुहरू समावेश गर्ने सम्बन्धमा सञ्चार माध्यमहरूलाई समन्वय एवम् पत्राचार गरिदिन सार्वजनिक प्रसारण सेवा र रासससलाई अनुरोध गर्ने ।

.........................

शिव कुमार सापकोटा
सहसचिव

चूडामणि पौडेल
सचिव

श्री रघुजी पन्त
माननीय मन्त्री
विज्ञान तथा प्रविधि